आज मिति २०८१।०६।१६ गतेका दिन रुरुक्षेत्र गाउँपालिकाका अध्यक्ष श्री यदु ज्ञवालीज्यूको अध्यक्षतामा देहायका कार्यपालिका सदस्यज्यूहरुको उपस्थितिमा गाउँ कार्यपालिकाको बैठकमा निम्न प्रस्तावमा छलफल गरी तपसिल बमोजिमका निर्णयहरु गरियो ।

समय : दिनको १:०० बजे

स्थान : कार्यपालिका बैठक कक्ष

उपस्थिति

| सि.नं. | पद | नाम थर | हस्ताक्षर |
|---|---|---|---|
| १. | अध्यक्ष | श्री यदु ज्ञवाली | |
| २. | उपाध्यक्ष | श्री मिनादेवी गौतम | मिना |
| ३. | सदस्य | श्री नवराज वि.के. | |
| ४. | सदस्य | श्री घनश्याम अर्याल | |
| ५. | सदस्य | श्री शेषनारायण पौडेल | |
| ६. | सदस्य | श्री मोतीप्रसाद श्रेष्ठ | |
| ७. | सदस्य | श्री हरीप्रसाद ज्ञवाली | |
| ८. | सदस्य | श्री रोमनाथ पौड्याल | |
| ९. | सदस्य | श्री लक्ष्मी भट्टराई | |
| १०. | सदस्य | श्री हरीकला बराल क्षेत्री | |
| ११. | सदस्य | श्री राजकुमारी शाही | |
| १२. | सदस्य | श्री बुद्धीमती लामिछाने | |
| १३. | सदस्य | श्री दुर्गा विश्वकर्मा | |
| १४. | सदस्य | श्री मिना कुमारी नेपाली | मिना |
| १५. | सचिव | श्री लक्ष्मण पाण्डे | |

बैठक संचालन सहयोगी

ना.सु. श्री रामप्रसाद ज्ञवाली

लेखा पाल श्री हेम बहादुर कार्की

अ. प्र. श्री पार्वती पाण्डे पार्वती

**मिति २०८१ असोज १६ गतेको कार्यपालिका बैठकका प्रस्तावहरु:**

१. यसभन्दा अगाडिका बैठकका निर्णयहरुको कार्यान्वयनको समीक्षा सम्बन्धमा ।

२. विपद् व्यवस्थापन सम्बन्धमा ।

३. स्थानीय स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समति र गाउँ शिक्षा समितिका बैठकका निर्णय जानकारी तथा अनुमोदन सम्बन्धमा ।

४. भरतपुर महानगरपालिका सँगको साझेदारीमा कार्यक्रम संचालन सम्बन्धमा ।

५. सडक बोर्डसँगको साझेदारीमा संचालन हुने सडकको छनौट सम्वन्धमा ।

६. लिफ्ट खानेपानी आयोजनामा विद्युत महसुल अनुदान सम्बन्धी मापदण्ड, २०८१ सम्वन्धमा ।

७. दशै विशेष शुभकामना आदान प्रदान सम्वन्धमा ।

८. बजेट रकमान्तर गरी भुक्तानी गर्ने सम्वन्धमा ।

९. कालीगण्डकी गाउँपालिका, स्याङ्जासँग साझेदारीमा कार्यक्रम संचालन सम्वन्धमा ।

१०. फलाटे भट्कुवा झो.पु. वडा नं. ३ र १ डि.पि.आर. अनुसार निर्माण प्रक्रिया अगाडी बढाउन स्थानीय पूर्वाधार विभागलाई अनुरोध गर्ने सम्वन्धमा ।

११. औषधी उपचार बापत खर्च उपलब्ध गराउने सम्वन्धमा ।

१२. पाठ्यपुस्तक लेखन सम्वन्धमा ।

१३. कार्यालय व्यवस्थापन सम्बन्धमा ।

१४. सडक मर्मत सम्वन्धमा ।

१५. आयुर्वेद औषधी खरिद सम्वन्धमा ।

## मिति २०८१/०६/१६ गतेको चौथो कार्यपालिका बैठकका निर्णयहरु:

| निर्णय नं. | निर्णयहरु |
|---|---|
| १. | यस भन्दा अगाडीका कार्यपालिका बैठकको निर्णयहरु कार्यान्वयनको अवस्थाबारे छलफल तथा समीक्षा गरियो । निर्णयहरु कार्यान्वयनको अबस्था सन्तोषजनक रहेको पाइयो । |
| २. | मिति २०८१ असोज १६ गते बसेको गाउँ विपद् व्यवस्थापन समितिको बैठकले गरेका निर्णयहरु अनुमोदन गर्ने । |
| ३. | मिति २०८१ असोज ४ गतेको स्थानीय स्वास्थ्य सेवा व्यवस्थापन तथा अनुगमन समतिको बैठक र मिति २०८१ असोज ६ गतेको गाउँ शिक्षा समितिको बैठकका निर्णयहरुलाई स्वीकृत गर्ने । साथै बाल विकास सहजकर्ता, विद्यालय कर्मचारी, सामुदायिक सिकाई केन्द्रको परिचालक व्यवस्थापन सम्बन्धी कार्यविधि, २०८१ जरी गर्ने । |
| ४. | भरतपुर महानगरपालिका, नगर कार्यपालिकाको कार्यालय, भरतपुर, चितवन, बाग्मती प्रदेश, नेपालको च.नं. १०९९ मिति २०८१/०६/०८ को पत्रबाट साझेदारी कार्यक्रम अन्तर्गत पर्यटन पूर्वाधार विकासको लागि रु. १५ लाख विनियोजन भएकोले उक्त रकम निकासाको लागि ३० लाख बराबरको स्वीकृत लागत अनुमान, गाउँ कार्यपालिकाको निर्णय र आवश्यक कागजात पेश गर्नुहुन भनी लेखी आएकोमा उक्त बजेटबाट देहाय अनुसारको योजना कार्यान्वयन गर्ने ।<br>देहाय: |
| ५. | सडक बोर्ड नेपाल, काठमाडौंबाट सडक मर्मत संभार अन्तर्गत साझेदारीमा योजना संचालनको लागि भट्कुवा मो.बा., रुरुक्षेत्र-१ लाई छनौट गरी सहमतिको लागि सडक बोर्ड नेपालमा पेश गर्ने । सडक बोर्ड नेपालबाट प्राप्त हुने बजेटमा गाउँपालिकाले थप बजेट व्यवस्था गरी कुल बजेट रु. ५० लाखको टेण्डर आव्हान गर्ने । |

| क्र.सं. | योजनाको नाम, ठेगाना | गाउँपालिकाबाट विनियोजित बजेट | भरतपुर महानगरपालिकाबाट विनियोजित बजेट | जम्मा बजेट |
|---|---|---|---|---|
| १. | लामाचौपारी विश्रामस्थल तथा विष्णु मुर्ति निर्माण | २५ लाख | १५ लाख | ४० लाख |

| | |
|---|---|
| ६. | लिफ्ट खानेपानी आयोजनामा विद्युत महसुल अनुदान सम्बन्धी मापदण्ड, २०८१ लाई अध्ययन गरी आगामी बैठकमा छलफल गर्ने । |
| ७. | हिन्दुहरुको महान पर्व २०८१ सालको बडादशैं, शुभ दिपावली, नेपाल संम्वत, म्हपूजा, छठ पर्व को अबसरमा शुभकामना आदान प्रदान कार्यक्रम २०८१ साल असोज २२ गते मंगलबार दिनको १:०० बजे गाउँपालिकाको बहुउद्देश्यीय सभाहल, रानीबासमा गर्ने । |
| ८. | साझेदारी कार्यक्रम संचालन शिर्षकबाट देहाय अनुसारको बजेट रकमान्तर गरी गत आ.व. २०८०/०८१ म संचालनमा रहेका देहायका योजना तथा कार्यक्रमको निर्माण कार्य सम्पन्न भएकोले रकम भुक्तानी गर्ने ।<br>देहाय:<br>१. चौतारा नेटा लोक्मा देउराली सडक स्तरोन्नती (फेज २)- रु. ३५ लाख ३७ हजार ८ सय ६५<br>२. बलेटक्सार वडा कार्यालय मो.बा. वडा नं. ४, स्तरोन्नती- रु. १ लाख ३४ हजार ७ सय ६ |
| ९. | मिति २०८१ साल भाद्र २५ गते रुरुक्षेत्र गाउँपालिका र कालीगण्डकी गाउँपालिका, स्याङ्जाबीच भएको संयुक्त बैठकले देबदत्त पार्क रुरुक्षेत्र गा.पा. देखी हनुमान बाटिका सम्म लागत साझेदारीमा जिप लाईन निर्माण गर्ने । सोको डि.पि.आर. रुरुक्षेत्र गाउँपालिकाबाट गर्ने निर्णय भए बमोजिम जिपलाईन निर्माणको डि.पि.आर. गाउँपालिकाबाट तयार गर्ने । |
| १०. | फलाटे भट्कुवा झो.पु. वडा नं. ३ र १ को लागि तयार गरिएको डि.पि.आर. स्वीकृत गरी सो डि.पि.आर. अनुसार निर्माण प्रक्रिया अगाडी बढाउन स्थानीय पूर्वाधार विकास कार्यालय, रुपन्देहीलाई अनुरोध गर्ने । |
| ११. | मृगौला प्रत्यारोपण, डायलाइसिस गरिरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षघातका बिरामीलाई औषधिउपचार बापतखर्च उपलब्ध गराउने सम्बन्धीकार्यविधि, २०७८ बमोजिम गाउँपालिकास्तरीय आर्थिक रुपले विपन्न नागरिकहरुलाई औषधी उपचार सहुलियत उपलब्ध गराउने प्रयोजनको लागि सिफारिस गर्न गठित समितिको सिफारिसको आधारमा देहायका व्यक्तिलाई मासिक रुपमा रु. ५,०००/- (अक्षरुपी पाँच हजार) उपलब्ध गराउने ।<br>देहाय: |

| क्र.सं. | नाम थर | ठेगाना | रोगको किसिम | ना.प्र.प.नं. | लागु हुने मिति |
|---|---|---|---|---|---|
| १. | रिम कली रेगामी | रुरुक्षेत्र-६ | मृगौला रोग लागि डायलाइसिस गर्नुपर्ने | ११५५८ | २०८१ श्रावण १ |
| २. | ऋषिराम ज्ञवाली | रुरुक्षेत्र-१ | क्यान्सर | २६५० | २०८१ असोज १ |
| ३. | पुष्पा ज्ञवाली | रुरुक्षेत्र-४ | क्यान्सर | ३६४७९ | २०८१ असोज १ |

| | |
|---|---|
| १२. | स्थानीय पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास (कक्षा ६-८) शिर्षकमा विनियोजित बजेटबाट कक्षा ६ देखी ८ सम्मको स्थानीय पाठ्यक्रम तयार भएकोले पाठ्यक्रम निर्माण गर्ने विज्ञ टोलीहरुलाई पारिश्रमिक स्वरुप एकमुष्ट रु. १ लाख २० हजार विनियोजन गरी योगदानको आधारमा निजहरुलाई भुक्तानी दिने । |
| १३. | १ नं. वडा कार्यालय, रुरुको नयाँ भवन निर्माण भएको तथा बम्घा स्वास्थ्य चौकीमा हलको ट्रस निर्माण भएकोले कार्यालय व्यवस्थापनको लागि कार्पेटिङ्ग, फर्निचर लगायतका सामाग्रीहरुको व्यवस्थापन गर्ने । |
| १४. | भारी वर्षाको कारण गाउँपालिकाका विभिन्न सडकहरु अवरुद्ध भई नागरिकहरुको दैनिक जनजीवन प्रभावित भएको हुँदा तत्काल जनजीवन सहज बनाउन गाउँपालिकाको हेभी इक्युपमेण्ट (डोजर) प्रयोग गरी वडा नं. ६ रिमुवाको मोटरबाटो मर्मतको कार्य गरिएकोले सो मर्मत गर्दा लागेको इन्धन खर्च वडा नं. ६ को सडक मर्मत संभार शिर्षकबाट भुक्तानी गर्ने । अन्य वडाहरुको मोटरबाटो मर्मत संभार गर्ने कार्य विभिन्न फर्महरुसँग सम्झौता गरिएकोले जिल्ला दररेट अनुसार प्रति घण्टाका दरले जम्मा लागेको घण्टा अनुसार बाटो मर्मत गर्ने कार्यको रकम सम्बन्धित फर्महरुलाई भुक्तानी गर्ने । |
| १५. | आयुर्बेद औषधी खरिदको लागि गत आ.व. को दररेटलाई आधारमानी रु. १० लाखको शिलबन्दी दरभाउपत्र माग गरिएकोमा निर्धारित समयमा कुनै पनि फर्म योग्य नभएकोले चालु आ.व. को लागि औषधीहरुको दररेट तयार गरी विनियोजन भएको बजेटमा श्रोत सुनिश्चितता सहित कुल रु. १२ लाखको टेण्डर आब्हान गर्ने । |
| १६. | श्री ज्ञवा बलेटक्सार मा.वि., रुरुक्षेत्र-४ र श्री लक्ष्मी आधारभूत विद्यालय, रुरुक्षेत्र-५ को शिक्षक व्यवस्थापनको लागि प्रति महिना प्रति विद्यालय रु. ३०,०००/- (अक्षरुपी तीस हजार) का दरले ६ महिनाको रकम रु. ३ लाख ६० हजार भैपरी आउने चालु खर्च शिर्षकबाट अनुदान उपलब्ध गराउने । |